मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

**सूचना**

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हड्ताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २५ ◆ अङ्क : २८८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ भदौ ३१ गते बुधवार (Wednesday, September 16. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

अभाव र पीडाको जीवन

## जीउने एकमात्र माध्यम बुनाई



**माई, भदौ ३०।** इलामको माई नगरपालिका-१० करेलेमा बिगत २१ वर्षदेखि बसोबास गर्दै आएका उनी शारीरिक रुपमा अपाङ्ग हुन्। बाँसको चोयालाई नाङ्लो, डालो, ढोका, झक र चित्रामा परिणत गर्ने सिप भएका दिलबहादुर राईलाई गाउँघरमा 'बाङ्देल कोपा' नामले चिनिन्छ। उनको जीविकोपार्जनको माध्यम भनेको नै बुनाइ हो।

'२० वर्षको हुँदा घुँडामा पिलो जस्तो घाउ देखा परेको थियो, त्यही घाउले एक बर्ष थलो पाऱ्यो, घाउ निको भयो तर खुट्टा सिधा भएन'- उनी भन्छन्। पाँचथरको तमाखे-८मा २०२३ सालमा जन्मेका बाङ्देल कोपाले आर्थिक अवस्था कमजोर भएका कारण अस्पताल, डाक्टर र औषधिको अनुहार देख्न पाएका छैनन्। उपचार गर्न नपाएर नै आफू यो अवस्थामा रहेको उनको भनाइ छ।

बाहिर कतै हिंड्डुल गर्न नसकेपछि बुबासँग बाँसको नाङ्लो लगायतका समान बुन्न सिकेर अहिले यही माध्यमबाट घरपरिवार चलाउँदै आइरहेको उनले बताए। उनी भन्छन्- 'मर्नुभन्दा बौलाहा हुनु निको भने जस्तै हो, म अरु काम गर्न सक्दिनँ। फाइदा केही छैन जङ्गलबाट बाँस ल्याउनुपर्छ, आफू सक्दिनँ, खेताला लगाउनु पर्छ, भनेको बेला मान्छे पाइन्नँ।' उनलाई एउटा नाङ्लो बुन्न दुई दिन लाग्छ। त्यसवापत उनी ५ सय रुपैयाँ लिन्छन्।

त्यस्तै डालो बुन्न एक दिन लाग्छ। डालोको २ सय, डोकाको २ सय पचास, चित्रा प्रतिगोटा २ सय लिन्छन्। उनलाई त्यति कमाइले पुग्दैन। कहिलेकाहिँ कुनै रात भोकभोकै कटाउनु पर्छ। 'गरीब भएपछि कसैले पत्याउँदैनन्, त्यसमा म अपाङ्ग, मर्दा दबाउने जग्गा छैन। बसाइँ आएको ३ बर्षसम्म आफन्तकोमा बसोबास गरियो। १८ वर्षदेखि बार्षिक ३ हजार तिर्दै अर्काको बारीमा बसेका छौं'- बाङ्देल भन्छन्।

ओरालो लागेको मृगलाई बाछाले पनि खेद्छ भने झै उनको श्रीमती अमृता राई शरीरले साङ्ग

(बाँकी अन्तिम पृष्ठमा)

कुलमानको विदाइ

# प्राधिकरणको नाफा ११ अर्ब



**झापा, भदौ ३०।** नेपाल सरकारका सार्वजनिक संस्थानमा को कसले राजनीतिक नियुक्ति लिएर आउँछ भन्ने कुराको चासो आम मानिसलाई हुँदैन। ती संस्थामा पुग्ने मानिस कोही चर्चाको शिखरमा पुग्ला वा नपुग्ला त्यो कर्मले निर्धारण गर्दछ। नागरिकलाई सेवा दिने लक्ष्यका साथ सरकारले स्थापना गरेका अधिकांश सार्वजनिक संस्थानले जनतालाई सेवा दिएको र नाफा कमाएको पाउनसमेत मुस्किल छ। अर्थ मन्त्रालयको विवरण हेर्ने हो भने त्यस्ता संस्थाहरु केवल खर्चका भारी मात्रै बनिरहेका छन्।

केही वर्ष पहिलेसम्म नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा को आयो र गयो आम मानिसलाई थाहै हुँदैनथ्यो तर पछिल्ला चार वर्षमा अवस्था फेरिएको छ। प्राधिकरणको गरिमा र मर्यादा बढेको छ। त्यसले सरकारी संस्थान पनि सबल र सक्षम बन्न सक्छ भन्ने तथ्य स्थापित भएको छ। त्यसको पछाडि सरकारले छानेको सही व्यक्तित्व नै प्रमुख कारक बन्यो।

सही व्यक्ति छनौट गर्दा सरकारी संस्थान पनि नाफामा जान सक्छ, आम मानिसको नजरमा पर्न सक्छ भन्ने कुराको उदाहरण बनेको छ, प्राधिकरण। सही व्यक्तिलाई सही स्थान दिँदा कुनै समय झण्डै रु. ३४ अर्ब सञ्चित नोक्सानी व्यहोरेको प्राधिकरणले आर्थिक वर्ष २०७६/०७७ सम्म आइपुग्दा झण्डै रु. ११ अर्ब नाफा गरेको छ। यसको पछाडि त्यसको बागडोर सम्हाल्ने नेतृत्व र त्यसलाई सहयोग गर्ने कर्मचारीको प्रमुख हात रहेको छ। कुनै समय रु. २९ अर्ब अपलेखन गर्दासमेत वार्षिक झण्डै आठ अर्बका दरले घाटामा गइरहेको प्राधिकरणलाई नाफाको युगमा परिणत गर्न पछिल्लो चार वर्षमा भएका प्रयास नै निर्णायक भएको छ।

दैनिक १४ घण्टासम्म विद्युत्भार कटौतीमा परेका, उज्यालो देख्नसमेत मुस्किल भएका नेपाली नागरिकलाई आशा जगाउने, नेपालको ऊर्जा क्षेत्रमा केही गर्न सकिन्छ भन्ने सरकारको कामलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्ने कामसमेत यस अवधिमा भएको छ। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र तत्कालीन ऊर्जामन्त्री जनार्दन शर्माले प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेका कुलमान घिसिङले प्राप्त गरेको चार वर्षको अवधिमा नेपाली जनतालाई अँध्यारोबाट उज्यालो यात्रामा डोऱ्याए।

कार्यावधि यही भदौ २९ गते सकिएका घिसिङलाई मंगलवार प्राधिकरणले बिदाइ समारोहको आयोजना गऱ्यो। बिदाइ समारोहमा सहभागी अधिकाशंले कार्यकारी निर्देशक घिसिङको पहिलो सत्र मात्रै सकिएको भन्दै चाँडै नै उनी पुनः कार्यकारी निर्देशक भएर आउने विश्वास समेत व्यक्त गरेका छन्। आम मानिसको चाहना छ, सक्षम व्यक्ति पुनः दोहोरिऊन् र संस्था थप सबल बनोस्।

**यस्तो छ रिपोर्ट कार्ड**

सरकारले २०७३ साल भदौ २९ गते घिसिङलाई ४ वर्षका लागि नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो। मन्त्रिपरिषद्को निर्णयका आधारमा ऊर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्रालय र घिसिङबीच प्राधिकरण सुधारका विभिन्न सूचकाङ्कहरु तयार गरी कार्यसम्पादन सम्झौता भएको थियो।

ऊर्जा मन्त्रालयले गरेको कार्यसम्पादन सम्झौताको मूल्याङ्कनमा आर्थिक वर्ष २०७३/०७४मा ८८.१९, आव ०७४/७५ मा ८७.९८, आव ०७५/७६ मा ८६.८२ र आव २०७६/७७मा ८७.५५ प्रतिशत नतिजा घिसिङले प्राप्त गरेका छन्।

बिदाइ समारोहमा घिसिङले भने- मैले जिम्मेवारी सम्हाल्दा अन्धकारले मुलुक आक्रान्त थियो। बर्सातको समयमा समेत ६ देखि ८ घण्टाको लोडसेडिङ व्यहोरिरहनु परेको र हिउँदमा दैनिक १४ घण्टासम्म लोडसेडिङ गर्नुपर्ने प्रक्षेपण थियो। प्राधिकरणको आव २०७२/०७३ सम्ममा सञ्चित घाटा रु. ३४ अर्ब ६१ करोड पुगेको थियो भने सोही वर्ष आठ अर्ब ८९ करोड खुद नोक्सानी थियो। एकातर्फ कहालिलाग्दो अँध्यारोले मुलुक आक्रान्त थियो भने अर्कोतर्फ प्राधिकरणको घाटाको ग्राफ बढ्दो क्रममा थियो।

प्रणालीमा वार्षिक विद्युत् चुहावट २५.७८ प्रतिशत थियो, करिब ६३ प्रतिशत जनता मात्रै ग्रिडको विद्युत् पहुँचमा थिए। सरकारले घिसिङलाई दिएको मुख्य जिम्मेवारी पनि विद्युत्भार कटौतीको अन्त्य गरी अँध्यारो युगलाई उज्यालो बनाउने र प्राधिकरणको सुधार गर्ने नै थियो। सो कार्यमा घिसिङले राम्रो नजिता निकाले।

विद्युत् माग र आपूर्ति बीचको सन्तुलित, वैज्ञानिक व्यवस्थापन र इमान्दार प्रयासबाट मुलुकलाई विद्युत्भार कटौतीको अन्त्य गर्न सफल भएको जानकारी दिँदै घिसिङले भने- लोडसेडिङ अन्त्य गर्नुमात्र हाम्रो अन्तिम अभीष्ट थिएन। हाम्रो योजना प्राधिकरणको चौतर्फी सुधार र विभिन्न कारणले जीर्ण बनेका तथा अलपत्र अवस्थामा रहेका उत्पादन, प्रशारण तथा वितरण तर्फका आयोजना सम्पन्न गर्नु तथा नयाँ शुरु गर्नु थियो। जीर्ण बनेका अधिकांश आयोजना निरन्तरको प्रयासबाट निर्माण सम्पन्न भएका छन् भने केही सम्पन्न हुने चरणमा पुगेका छन्।

घिसिङले प्राधिकरणको नेतृत्व सम्हालेको पहिलो आर्थिक वर्षमा प्राधिकरणले रु. एक अर्ब ४७ करोड खुद नाफा कमायो। त्यसपछिका वर्षहरुमा नाफाको ग्राफ उकालो लाग्दै गयो। दोस्रो वर्ष रु. दुई अर्ब ८५ करोड, तेस्रो वर्ष रु. नौ अर्ब ८१ करोड २५ लाख खुद नाफा कमायो, चौथो वर्षमा मुनाफा बढेर रु. ११ अर्ब पाँच करोड पुगेको छ।

## १० जना जुवाडे नगदसहित पक्राउ

**झापा, भदौ ३०।** भद्रपुरमा १० जना जुवाडे नगदसहित पक्राउ परेका छन्।

विशेष सूचनाको आधारमा प्रहरी कार्यालय झापा र वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका-२ पृथ्वीनगरस्थित सुवास तामाङको घरबाट उनीहरूलाई पक्राउ गरेको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए।

पक्राउ पर्नेमा घरधनी तामाङसहित भद्रपुर-४ बस्ने माधव राजवंशी, रमेश लिम्बू, राजु लिम्बू, अनिष लिम्बू, भद्रपुर-२ बस्ने कर्ण तामाङ , अङ्गराज दंगाल, आराबहादुर तामाङ, भद्रपुर-६ बस्ने तुरुल राजवंशी रहेका छन्। प्रहरीले जुवाको खालबाट नगद ८४ हजार ५ सयसहित २१ बुक तास समेत बरामद गरेको डीएसपी थापाले बताए। उनीहरूलाई आवश्यक कारबाहीका लागि वडा प्रहरी कार्यालय भद्रपुरमा राखिएको छ।

## धाउँदाधाउँदै अध्यक्षको मृत्यु, नगरले तिऱ्यो ५ लाख

**झापा, भदौ ३०।** वैराती बजार टहरा निर्माण समितिका अध्यक्ष धनबीर राजवंशीको मृत्यु भएपछि उनको परिवारलाई गौरादह नगरपालिकाले ५ लाख रुपैयाँ क्षतिपूर्ति दिएको छ।

गौरादह नगरपालिकामा पर्ने वैराती बजार टहरा निर्माणको काम सम्पन्न गरेर रकम भुक्तानीका लागि पटक-पटक नगरपालिका धाए पनि नगरपालिकाले समयमा रकम भुक्तानी नदिँदा अध्यक्ष राजवंशी नगरपालिकाको मूल गेटमै गतवर्ष असोज १२ गते बेहोस भएर ढलेका थिए।

रकम भुक्तानीका लागि नगरपालिका पुगेका राजवंशी नगरपालिकामा नै बेहोस भएर ढलेपछि उपचारका लागि अस्पताल लाने क्रममा उनको बाटैमा मृत्यु भएको थियो। अध्यक्ष राजवंशीको मृत्यु भएपछि मृतकका आफन्त र वैराती बजार टहरा निर्माण




समितिका पदाधिकारीले नगरपालिकाले समयमा रकम भुक्तानी नदिएका कारण उनको मृत्यु भएको भन्दै नगरपालिकामा तोडफोड गरेका थिए।

गौरादह नगरपालिका ८ भुडिसिमल निवासी ५८ वर्षीय राजवंशीको अध्यक्षतामा गठिन उपभोक्ता समितिले टहरा निर्माण गरेको थियो। टहरा निर्माणका लागि नगरपालिकाले तीन लाख रूपैयाँ बजेट छुट्याएको थियो। सोही रकमबाट राजवंशीकै अध्यक्षतामा टहरा निर्माण भएको थियो। आर्थिक वर्ष २०७५/०७६को बजेटबाट टहरा निर्माण भएको हो। टहरा निर्माण सम्पन्न भएपछि सो समितिले असारको २५ गते वार्डको सिफारिस, अनुगमन समितिको कार्य सम्पन्न गरेको प्रतिवेदनसहित नगरपालिकाको प्राविधिक शाखामा रकम भुक्तानीका लागि फाइल पेश गरेको थियो।

(बाँकी अन्तिम पृष्ठमा)

## करणी र यौन दुर्व्यवहार आरोपमा चार जना पक्राउ

**ओखलढुङ्गा, भदौ ३०।** १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा चम्पादेवी गाउँपालिका-९ ओखेनी बस्ने १९ वर्षीय जीवन कार्की समेत तीन जनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

गत बुधबार बेलुका ती किशोरीलाई सडक छेउको कोदो बारीमा लगी जवरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी चुप्लुघोराखोरीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो।

उता १० वर्षीय बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा पोखरा महानगरपालिका-७ चोरसाँघु बस्ने ५२ वर्षीय टीकाबहादुर दमाईलाई

(बाँकी अन्तिम पृष्ठमा)

## असोज २देखि ३० गतेसम्म मलमास

**झापा, भदौ ३०।** यस वर्ष असोज २ गते शुक्रबारदेखि ३० गते शुक्रबारसम्म मलमास अथवा अधिकमास परेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ।

ज्योतिषीय गणना अनुसार ३६५ दिनको वर्ष हुन्छ। वर्षमा सौर र चान्द्रमास हुन्छन्। दुवैलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ। एउटा औँशीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास भनिन्छ।

महिनामा दुई वटा सङ्क्रान्ति पऱ्यो भने क्षयमास भनिन्छ। ज्योतिषका विद्वान् भास्कराचार्यले आफ्नो ग्रन्थ सिद्धान्त शिरोमणिमा मलमास र क्षयमासको स्पष्ट परिभाषा दिएका छन्।

*असङ्क्रान्तिमासोऽधिमासः स्फुटः स्याद्।*

*द्विसङ्क्रान्तिमासः क्षयाख्यः कदाचित्॥*

अर्थात् सङ्क्रान्ति नभएको महिना अधिकमास वा मलमास हो। दुईवटा सङ्क्रान्ति भएको महिना क्षयमास हो। क्षयमास भने कहिले कहिलेमात्र हुने गरेको छ। यसअघि क्षयमास २०२० सालमा परेको वास्तुशास्त्री शिवप्रसाद पोखरेलले बताए। क्षयमास कात्तिक, मंसीर र पुसमा पर्ने गरेको छ। यसमा पनि बढीजसो मंसीर र पुसमा क्षयमास पर्छ। कात्तिक महिनामा भने क्षय र अधिकमास दुवै पर्न सक्छ। माघ महिनामा भने क्षय र अधिकमास दुवै पर्दैन। बाँकी आठ महिनामा अधिकमास पर्न सक्छ।

क्षयमास हुने वर्ष दुई अधिकमास नियमितसमेत पर्छन्। यी अधिकमास क्षयभन्दा तीन महिना अगाडि वा पछाडि हुन्छन्। क्षयभन्दा पहिले हुने अधिकमासलाई 'संसर्प' र पछि हुने अधिकमासलाई 'अंहस्पति' भनिन्छ। सबै मासको देवता हुन्छन्। मलमास महिनाको देवता नभएपछि मलमास रुदै भगवान्

(बाँकी अन्तिम पृष्ठमा)

**Vacancy Announcement**

| क्र.सं. | पद | योग्यता | संख्या |
|---|---|---|---|
| १. | Accountant | BBS उत्तीर्ण गरेको | केही |
| २. | Staff Nurse | PCL Nursing उत्तीर्ण गरेको | केही |

पारिश्रमिक आपसी सहमतिबाट निर्धारण गरिनेछ।

**फारम भर्ने अन्तिम मिति : २०७७/०६/७ गतेसम्म**

सम्पर्कः **कन्काई हस्पिटल प्रा.लि.**

बिर्तामोड, झापा (०२३-५४३८०७, ९८५२६७११३१)

**पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन**

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००४४

# एटिएमप्रति आर्कषण बढ्दै

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, भदौ ३०।** पछिल्लो समय बैकिङ्ग कारोवार गर्ने सर्वसाधारणको आकर्षण एटिएम कार्डप्रति ह्वात्तै बढेको छ ।

यसअघि जुनसुकै बेला संसारका बिभिन्न मुलुकबाट बिना झन्झट रकम निकाल्न पाउने भएपछि ग्राहकको चेकबाट गर्ने कारोबार छाडेर एटिएमतर्फ आकर्षण बढ्े पनि पछिल्लो समय कोरोना भाइरसको संक्रमणबाट बच्न भन्दै एटिएम कार्ड प्रयोगकर्ता बढेको सम्बन्धित बैंकका अधिकारीहरु बताउँछन् ।

झापाको मेचीनगरको प्रमुख व्यापारिक केन्द्रविन्दु मानिएको काँकरभिट्टामा सिद्धार्थ, सनराइज, एनआइसी एशिया, एक्सेल डेभलपमेन्ट लक्ष्मी, माछापुच्छे, प्रभु लगायत थुप्रै कमर्सियल बैंकका शाखाहरु सञ्चालनमा छन् । तर, ती बैंकमा कारोवार गर्ने अधिकांशले एटिएम कार्ड प्रयोग गर्ने गरेको सम्बन्धित बैंकहरुले जनाएका छन् ।

झापाको मेचीनगरमा पहिलोपटक एटिएम सेवा शुरु गरेको सनराईज बैक लिमिटेडका अधिकांश ग्राहकको कारोबार कार्डबाटै हुने गरेको छ। करिब ७० प्रतिशत ग्राहकले कार्ड प्रयोग गर्ने गरेको बैंक स्रोतले जनाएको छ ।

एटिएम कार्ड नमाग्ने प्रायः कुनै पनि वैंकमा ग्राहक नै छैनन् । चाहिएका बेला झिक्न पाउने भएपछि बैंकका ग्राहकको आकर्षण एटिएमतर्फ बढेको हो । पछिल्लो समय रुपैयाँबाट समेत कोभिड-१९को संक्रमण सर्ने हल्ला चलेपछि बैकिङ्ग कारोवार गर्ने सर्वसाधारणको आकर्षण एटिएम कार्डप्रति बढेको वैंकले जनाएका छन् ।

माछापुच्छे बैंक काँकरभिट्टा शाखामा १ हजार ५ सय बढी ग्राहक छन् । तीमध्ये ९० प्रतिशतभन्दा बढीले एटिएम कार्डको प्रयोग गर्ने गरेको शाखा प्रमुख केदार ढकालको भनाइ छ। कोभिडका कारण पनि मानिसहरु भीडभाडमा जान डराउने, चेकबाट बैंकमा रकम निकाल्न जाँदा घण्टौं लाइनमा बस्नु पर्ने भएपछि पनि अधिकांशको आकर्षण त्यसतर्फ बढेको ढकालको भनाइ छ ।



आफूसँग कार्ड भए चाहिएका बखत जतिखेर पनि रकम निकाल्न पाइने, जुनसुकै बैंकको कार्ड भए पनि झन्झट व्यहोर्नु नपर्ने, हरेक बैंकले एटिएम बुथको व्यवस्था गरेकालगायत अन्य धेरै कारणले पनि अब बिस्तारै 'क्यासलेस बैकिङ्ग' कारोवारमा मानिसको आर्कषण बढेको उनी बताउँछन् । शहरमा मात्र होइन ग्रामीण क्षेत्रका ग्राहकको पनि चेकभन्दा कार्डतर्फ नै आकर्षण बढ्को बताइन्छ ।

सुरक्षा र सजिलोका कारण एटिएमतर्फ मानिसको आर्कषण बढ्को कार्ड प्रयोगकर्ताहरुले बताएका छन् । सन्राईज बैकका अधिकांश ग्राहक एटिएम प्रयोगकर्ता छन् । बैंक अधिकारीका अनुसार करिब १२ देखि १५ सय ग्राहक भए पनि ७० देखि ८५ प्रतिशतले कार्डको प्रयोग गर्ने गरेका छन् । पछिल्लो समय बैंकमा कार्डको माग बढ्न थालेको बैंकले जनाएको छ । सिद्धार्थ बैंकका कूल २ हजार १ सय ग्राहकहरुमध्ये १५ देखि १८ सयले कार्ड प्रयोग गर्ने गरेका छन् ।

शाखा प्रवन्धक चन्द्रकुमार पोखरेलका अनुसार एकसातामा न्यूनतम् ५० लाख रुपैयाँसम्म कार्डकै माध्यमबाट निकासा हुने गरेको छ। काँकरभिट्टामा रहेका आधा दर्जनभन्दा बढी कमर्सियल बैंकका कार्ड प्रयोगकर्ताले सिद्धार्थ बैंककै एटिएम प्रयोग गर्ने गरेको शाखा प्रवन्धक पोखरेलको भनाइ छ ।

काँकरभिट्टास्थित एनआइसी एशिया बैंकको शाखामा ६ हजारभन्दा बढी ग्राहक छन् । कूल संख्यामध्ये ५० देखि ५५ प्रतिशतलाई कार्ड वितरण गरेको बैंकले जनाएको छ । एनआइसी एशिया बैंकको एटिएम बुथ चौवीसै घण्टा खुला रहने भएकाले पनि अन्य बैंकका थुप्रै ग्राहकले समेत सुविधा लिने बैंकले जनाएको छ । उक्त बैंकले कार्डलाई निःशुल्क गरेको छ । नेपाल राष्ट्र बैंकको सर्कुलर अनुसार जुनसुकै बैंकको कार्ड भएपनि प्रयोगकर्ताले अलग-अलग बैंकको एटिएमबाट रकम निकाल्दा थप दस्तुर तिर्नु नपर्ने भएकाले पनि पछिल्लो समय ग्राहकको आर्कषण बढेको बैंकले जनाएको छ । अब हरेक कुरा प्रविधिमैत्री हुनुपर्ने भएकाले पनि कार्डप्रतिको आर्कषण बढेको हो ।

सार्वजनिक बिदाका बखत पनि आवश्यकता अनुसार रकम निकाल्न पाइने, चेक बोकेर लाइन बस्ने झण्झटबाट मुक्त हुनेलगायतका थुप्रै सुविधा कार्यबाट प्राप्त हुने भएपछि यसको प्रयोगमा सर्वसाधारणको आर्कषण बढे पनि चुनौति भने यथावत रहेको बैंक अधिकारीहरु बताउँछन् ।

# निजी विद्यालयका सञ्चालकको भेला

**विनोद सापकोटा**

**शिवसताक्षी, भदौ ३०।** शिवसताक्षी नगरपालिकाको निजी विद्यालयका संस्थापक तथा प्रधानाध्यापकहरुले संघीय सरकारले बनाएको शैक्षिक कार्यविधिलाई कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा बहस शुरु गरेका छन् ।

नगरका २६ वटा संस्थागत विद्यालयका सञ्चालकले कोरोना भाइरसका कारण सिथिल बनेको शिक्षा क्षेत्रलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने विषयमा बहस शुरु गरेका हुन् ।

झिलझिलेको पशुपति इङ्लिस बोर्डिङ स्कूलको सभाहलमा सोमबार आयोजित संस्थागत विद्यालयका सहभागीहरुकाबीच सरकारले तोकेको डिजिटल कक्षा सञ्चालन गर्दा आवश्यक पर्ने पूर्वाधार तथा जनशक्तिका बिषयमा बहस भएको प्याब्सन शिवसताक्षीका सचिव डिगम पराजुलीले बताए । उनले भने- 'शहरलाई हेरेर नीति, नियम र कानून बन्ने गरेका कारण उपत्यका बाहिरका ग्रामीण इलाकाका संस्थागत तथा सामुदायिक विद्यालय थला परेका छन् ।' संघीय सरकारको निर्णयले कुना कन्दरामा रहेका विद्यालय सञ्चालकलाई सरकारले चुनौति थोपरेको उनले आरोप लगाए । 'कतिपय सामुदायिक विद्यालयले केही महिना पहिले देखिनै अनलाइन कक्षा शुरु गरेकाले सरकारले त्यसलाई हेरेर बनाएको कार्यविधि ग्रामीण क्षेत्रका संस्थागत विद्यालयलाई निल्नु न ओकल्नु जस्तै भएको छ ।'

सरकारले दिएको अख्तियार अनुसार असोज १देखि बैकल्पिक शिक्षा प्रवर्द्धन गर्ने निर्णयलाई शिवसताक्षीमा कसरी लागू गर्ने भन्ने बिषयमा कार्यदल गठन भएको सचिव पराजुलीले बताए । प्याब्सन १ नम्बर प्रदेशका उपाध्यक्ष मिलन ढुंगानाको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन भएको छ । कार्यदलमा सुमन काफ्ले, अमृतकुमार तिम्सिना, भीम भट्टराई र डिगम पराजुली रहेका छन् ।

नगरका निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई डिजिटल कक्षामा कसरी अधिकतम् सहभागी गराउन सकिन्छ, यसको सहजता र व्यवस्थापन कसरी गर्न सकिन्छ, शिक्षक व्यवस्थापन, विद्यालय सञ्चालन लगायतका विविध पक्षलाई अध्ययन गरेर प्रतिवेदन तयार हुनेछ । त्यो प्रतिवेदन अर्को प्रिन्सिपल भेलामा प्रस्तुत हुने पराजुलीले बताए ।

तर, विद्यालय सञ्चालकलाई अनलाइन कक्षा भने चुनौति देखिएको छ । स्मार्ट फोन, ल्यापटप र कम्प्युटर अधिकांश विद्यार्थीको पहुँचमा नभएकाले यो असम्भव हुने स्वयम् अभिभावक बताउँछन् । सबैको घरमा इन्टरनेट नहुँदा कतिपय बिद्यार्थी सरकारको अनलाईन कक्षामा सहभागी हुन बञ्चित हुने छन् ।

विद्यालयका अभिभावकले स्थानीय तह र नगर शिक्षा समितिले अविलम्ब विद्यार्थीको पढ्न पाउने अधिकारको रक्षा गर्न माग गरेका छन् । झापाको दमकमा असोज १ गतेदेखि सामुदायिक तथा संस्थागत विद्यालयले भर्ना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेसँगै अन्य स्थानीय तहले पनि यसको वातावरण सृजना गर्न पालिकासँग माग गर्न थालेका छन् ।

विद्यालय बन्द हुँदा शिवसताक्षीमा ३ जना विद्यार्थीको अकालमा ज्यान गएको छ । विद्यार्थीहरुलाई पनि स्वास्थ्यमा समस्या आउन थालेको अभिभावकले बताएका छन् । अध्ययन र गृहकार्यको बोझ नभएका कारण बालबालिका मोटाउने, अध्ययनमा अरुची हुने, धेरै समय सुत्ने, कलह गर्ने लगायतका समस्या बालबालिकामा आउन थालेको अभिभावकले बताए ।

## असोज १देखि ...

श्रीकृष्णसँग पुगेर आफूलाई अशुभ मास भनी सबैले हेलाँ गरेको गुनासो गरे । गुनासो सुनेर भगवान् श्रीकृष्णले नै मेरै नामबाट तिमीलाई अब सबैले चिन्नेछन् भनी पुरुषोत्तममासको नाम दिनुभएको पुरुषोत्तममास माहात्म्य नामक ग्रन्थमा उल्लेख गरिएको छ ।

**अधिकमास (मलमास) मा के गर्ने ? के नगर्ने ?**

मलमास अर्थात् अधिकमासमा नित्य कर्म पूजा, पाठ, जप, ध्यान गर्नुहुन्छ । नित्य बसिरहेको व्रत गर्नुहुने विभिन्न शास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं समितिका अध्यक्ष प्रा.डा. रामचन्द्र गौतमले बताए । पहिल्यैदेखि गर्दै आएको व्रतलाई नियमितता दिन हुने तर नयाँ व्रतको शुरुवात् गर्नु नहुने नियम छ ।

मलमासको समयमा महादान, माङ्गलिक कार्यअर्थात् विवाह, व्रतबन्ध, गृहनिर्माण, गृहप्रवेशजस्ता गर्नु हुँदैन । यसैगरी गर्भाधान गर्नुहुँदैन, पहिले नै गर्भ रहेको भए दोष लाग्दैन । नवविवाहित श्रीमान् श्रीमतीले मलमासलाई छल्नुपर्छ भन्ने परम्परा पनि गर्भाधान गर्नुहुँदैन भन्ने मान्यतामै आधारित रहेको धर्मशास्त्रविद्को भनाइ छ । बृहस्पति र शुक्र अस्त भएका बेला गर्न नहुने जति कर्म मलमासमा पनि गर्नुहुँदैन ।

**मच्छेनारायण (मत्स्यनारायण) मेला**

रत्नपार्कबाट करिब आठ किमी दक्षिणपश्चिम भेगमा पर्ने मत्स्यनारायण मन्दिरमा मलमासका समयमा मेला लाग्ने गर्छ । यहाँ मत्स्यनारायणको प्रस्तर मूर्ति छ । मलमासमा एक महिना लामो मेला लाग्ने भए पनि यस वर्ष कोरोना भाइरसको सङ्क्रमणका कारण स्थगित गरिएको छ ।

मलमासको अवधिभर मच्छेनारायणमा टाढा टाढाबाट लाखौं भक्तजन दर्शनका लागि आउने गरेकामा यस वर्ष चन्द्रागिरि नगरपालिकाले मेला नगर्ने निर्णय गरेको छ । मलमास अवधिभर कीर्तिपुरबाट चार किमी दक्षिणमा पर्ने मच्छेनारायण मन्दिरमा नारायणको पूजा र पुरुषोत्तम माहात्म्य वाचन हुने गरेकामा यस वर्ष घरघरमै मच्छेनारायण पूजा एवं पुरुषोत्तममास माहात्म्य वाचन गर्न नगरपालिकाले अनुरोध गरेको नगर प्रमुख घनश्याम गिरीले बताए ।

यो महिनामा भगवान् नारायणको पूजा आराधना गर्नाले सम्पूर्ण पाप नष्ट भई पुण्य प्राप्त गरिने विभिन्न धर्मग्रन्थमा उल्लेख गरिएको छ । सुनको जलप लगाएको गरुडको कलात्मक प्रवेशद्वार मच्छेनारायण मन्दिरमा छ । माछाको मुखबाट प्रकट भएको एक फिट अग्लो चार हातमा शङ्ख, चक्र, गधा र पद्म लिएको मूर्ति देख्न सकिन्छ ।

भगवान् विष्णुले दश अवतार लिँदा सबभन्दा पहिले मत्स्य शरीर धारण गर्नुभयो । मत्स्यरुपी भगवान्ले प्रलयकालमा समुद्रमा डुङ्गाको काम गरी वेदलाई सुरक्षा गर्नुभएको पुराणमा उल्लेख छ। चार नारायणको दर्शन गर्ने उद्देश्य बोकेका भक्तजनले मत्स्यनारायण मन्दिरको दर्शन गर्न छुटाउँदैनन् । मलमासबाहेक नववर्षलगायत जनैपूर्णिमाको दिनमा पनि मत्स्यनारायणको दर्शन गर्न भक्तजनको घुइँचो लाग्ने गरेको छ। मत्स्यनारायण नाम भए पनि जनजीवनमा शब्दको प्रयोग गर्दा अपभ्रंश भई मच्छेनारायण भन्ने गरिएको छ ।

**वेदको रक्षा गर्न मत्स्यरुपमा भगवान् विष्णु**

मत्स्य अवतारका विषयमा प्रचलित किम्बदन्ती यस्तो छ। प्राचीन कालमा सत्यव्रत नाम गरेका राजाले नदीमा मत्स्य अवतारको सर्वप्रथम दर्शन पाएका हुन् । सानो माछाले आफ्नो रक्षार्थ बिन्ती गरेपछि राजाले आफ्नो कमण्डलुमा राखेका थिए । कमण्डलुमा माछा अटाएन । माछालाई क्रमशः तलाउ अनि समुन्द्रमा राख्दा आकार बढ्दै गएको गयो । राजाले भगवान् विष्णुको अवतार बुझेर मत्स्य अवतारको पूजा गरे ।

पृथ्वी प्रलयको समयमा मत्स्य अवतारले जलमग्न पृथ्वीमा सानो डुङ्गामा बीउबिजनसहित सप्तर्षि अनि राजा सत्यव्रतको रक्षा गरेको कुरा विभिन्न पुराणमा उल्लेख छ। हयग्रिव नाम गरेको राक्षसले वेदलाई चोरेर समुद्रमा लुकाएको थियो। भगवान् मत्स्यले हयग्रिवलाई मारेर वेदको पनि उदार गर्नुभएको विश्वास गरिन्छ ।

यस वर्ष पितृपक्ष सकिएर दुर्गापक्ष शुरु हुने औंसीदेखि नै मलमास लाग्ने भएकाले नेपालीको महान् चाड बडादशैं एवम् तिहार एक महिना ढिला हुने भएको छ । असोज ३० गते मलमास सकिएपछि कात्तिक १ गते घटस्थापना गरी दशैं शुरु हुनेछ। मलमासका कारण दशैंपछिका सबै चाडबाडा ढिला हुनेछन् ।

यसअघि २०७५ जेठ महिनामा अधिकमास परेको थियो । असोज महिनामै अधिकमास भने विसं २०५८ मा परेको थियो । १९ वर्षपछि फेरि असोज महिनामै मलमास परेको छ ।

## करणी ...

प्रहरीले पक्राउ गरेको छ ।

बालिकाको घरमा कोही नभएको अवस्थामा टीकाबहादुरले यौन दुर्व्यवहार गरेको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## जीउने ...

भए पनि बिगत पाँच बर्षदेखि अस्वस्थ छिन् । छालाको रोग देखा परेपछि श्रीमतीको उपचार गराउन आफूसँग भएको जायजेथा गाईगोरु बेचेर उपचार गराए पनि निको नभएको उनी बताउँछन् । एउटी छोरीलाई पढाउन नसकेर बिबाह गराइदिए । आफूसँग नेपाली नागरिकता नभएको कारण सरकारले दिने अपाङ्गता परिचयपत्र तथा सो अनुसारको सेवा सुबिधाबाट बञ्चित भएको उनी दुखेसो गर्छन् ।

उनी भन्छन्- 'बिरामी भएर थला परेका बेला गाउँमा नागरिकता बनाउने टोली आएको थियो तर आमाबुबाले पनि वास्ता गरेनन् ।' कसैले सहयोग गरे र कतैबाट आर्थिक स्रोत जुटाउन सके फेरि एकपटक नागरिकता बनाउन प्रयास गर्ने थिएँ- उनले भने ।

## धाउँदाधाउँदै ...

तर, प्राविधिक शाखाले फायल जिम्मा बुझेर पनि लामो समयसम्म रकम भुक्तानीका लागि सिफारिस नगरेपछि राजवंशी गत असोज १२ गते कार्यालयमा नै बेहोस भएर ढलेका थिए । राजवंशीको मृत्यु भएपछि मृतकका आफन्त र वैराती बजार टहरा निर्माण समितिका पदाधिकारीले दुई दिनसम्म शव कार्यालयमा नै राखेर नगरपालिका घेराउ गर्दै इञ्जिनियर सचिन क्षेत्रीलाई बर्खास्त गर्न माग गरेका थिए ।

सामाजिक काम गर्दागर्दै राजवंशीको मृत्यु भएको भन्दै नगरपालिकाले ११ महिनापछि मृतकका परिवारसँग क्षमा याचनासहित परिवारलाई पाँच लाख रुपैयाँ क्षतिपूर्ति दिएको हो। सोमवार नगरपालिकामा मृतककी श्रीमती पार्वती राजवंशीलाई नगरपालिका प्रमुख रोहितकुमार साह र उपप्रमुख गीतादेवी भेटवालले पाँच लाख रुपैयाँको चेक हस्तान्तरण गरे ।

परिवारको भरणपोषणका लागि भन्दै नगरपालिकाले रावजंशी परिवारलाई पाँचलाख रुपैयाँ प्रदान गरेको हो । सामाजिक अभियन्ताको सामाजिक काम गर्ने क्रममा निधन भएको भन्दै नगरकै सामाजिक अभियन्ताको रुपमा सम्मान दिने निर्णय गर्दै इञ्जिनियर क्षेत्रीलाई बर्खास्त गरेपछि विवाद साम्य भएको थियो ।


## आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन् ।

**सम्पर्क : ९८५११४४९४९**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## कारितास नेपाल, धोबिघाट, ललितपुर

भौचर प्रणाली मार्फत कृषि सामग्री उपलब्ध गराउनका लागि

**बोलपत्र प्रस्ताव आह्वान**

Swiss Agency for Development and Cooperation को सहयोगमा -Livelihoods Support Program (LSP) राष्ट्रिय गैरसरकारी संस्था कारितास नेपालले विगत तीन दशकदेखि नेपालमा आपतकालिन राहत तथा विकास कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । कारितास नेपालले हाल भौचर योजना प्रणालीमार्फत साना किसानहरुलाई कृषि सामग्री सहयोग प्रदान गर्नका लागि जीविकोपार्जन सहयोग (LSP) परियोजना कार्यान्वयन गरिरहेको छ । यस कार्यक्रम अन्तर्गतका प्रदेश नं. १ मा देहाय बमोजिमका नगरपालिका/गाउँपालिका, वडाहरुमा कृषि सामग्री वितरण गर्नका लागि नेपाल सरकारबाट इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाहरुबाट रितपुर्वक सिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रम संचालन हुने स्थानहरू:**
१. अर्जुनधारा नगरपालिका, वडा नम्बर १ देखि ११, झापा (लक्षित घरधुरी -७२४२)
२. चुलाचुली गाउँपालिका, वडा नम्बर १ देखि ६, ईलाम (लक्षित घरधुरी -२९२९)
३. मिक्लाजुङ गाउँपालिका, वडा नम्बर १ देखि ५, मोरङ (लक्षित घरधुरी -४०००)

**कृषि सामग्रीको सूची:** (१) तरकारी तथा मकै बिउ (२) किटनाशक तथा ढुशिनाशक विषादी (३) सूक्ष्म पोषण तत्व (४) कृषि उपकरणहरु ।

**सामग्री वितरणको समयावधि:** सेप्टेम्बर २७ देखि नोभेम्बर ६, २०२०

ईच्छुक बिक्रेताहरुले देहाय बमोजिमका सिलबन्दी बोलपत्र प्रस्ताव बुझाउनु पर्नेछ:
१. कम्पनीको विवरण सहित सिलबन्दी प्राविधिक आवेदन तथा सिलबन्दी वित्तीय आवेदन -(सामग्रीहरुको मूल्यसूची)
२. नेपाल सरकार वाणिज्य विभागद्वारा जारी कम्पनी दर्ता प्रमाणपत्र वा लाईसेन्स्को प्रतिलिपि
३. कृषि सामग्री सूचीमा उल्लेख वस्तुहरुको आपूर्ति/व्यापार गर्नका लागि डिलरशीप अनुमतिपत्र वा प्रमाणपत्रको प्रतिलिपि
४. नेपाल सरकारद्वारा जारी VAT/PAN दर्ता प्रमाणपत्रका तीन प्रतिलिपि
५. आवेदक व्यवसायीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
६. पछिल्लो आर्थिक वर्षको पछिल्लो कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (वा आन्तरिक राजस्व विभागद्वारा जारी म्याद थप गरिएको पत्र)

**बोलपत्र सामग्री संकलन गर्ने कार्यविधि:** विस्तृत TOR (नियम तथा शर्त), टेण्डर फारम, प्राविधिक आवेदन फारम, वित्तीय आवेदन फारम र कृषि सामग्रीको सूची शनिबार, आईतबार र सार्वजनिक बिदाका दिन बाहेक अन्य दिनहरुमा कारितास नेपालको कार्यालयहरुबाट १६ देखि २३ सेप्टेम्बरभित्र बिहान ९:३० बजेदेखि ३:३० बजसम्म निःशुल्क प्राप्त गर्न सकिनेछ । विस्तृत जानकारी वेबसाईट https://www.caritasnepal.org/career/ मा पनि हेर्न सकिनेछ ।

| कारितास नेपाल कार्यालय ठेगाना | सम्पर्क नम्बर |
|---|---|
| कारितास नेपाल, ललितपुर महानगरपालिका, धोबिघाट, ललितपुर | ९८१३३२५२२५ |
| कारितास नेपाल, उपकार्यालय, दमक- ०६, झापा | ९८५२६७५२२४ |
| कारितास नेपाल, नगरपालिका कार्यालय, अर्जुनधारा झापा | ९८०२३२७७३५ |
| कारितास नेपाल, गाउँपालिका कार्यालय, चुलाचुली, ईलाम | ९८०२३२७७३१ |
| कारितास नेपाल, गाउँपालिका कार्यालय, मिक्लागञ्ज, मोरङ | ९८०२३२७७०३ |

**फारम बुझाउने विधि:** माथि उल्लेखित दस्तावेज दुईवटा छुट्टाछुट्टै सिलबन्दी खाममा राखी (प्राविधिक प्रस्ताव र वित्तीय प्रस्ताव) माथि उल्लेखित कारितास नेपालका कार्यालयहरुमा वा procurement@caritas.com.np ठेगानामा ईमेल मार्फत सेप्टेम्बर २४, २०२० भित्र बुझाउनु पर्नेछ ।

## बिमालेख हरायो

बिर्तामोडबाट फिक्कल जाने क्रममा मिति २०७७/०२/१५ गते मेरो निम्न व्यहोराको एलआईसी नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- प्रवीन सापकोटा
**ठेगाना**:- फिक्कल-८, इलाम
हालः सूर्योदय नगरपालिका
**पोलेसी नं.**:- २०००१५८८१
**कम्पनी नाम**: एलआईसी नेपाल लाइफ इन्स्योरेन्स क.
**सम्पर्क**: ९८१६०५४१९३

## सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४, झापाको

## निर्वाचन कार्यक्रम सम्बन्धी अत्यन्त जरुरी सूचना

संस्थाको विनियम २०६७ को परिच्छेद-६, दफा ३२ को संशोधित विनियम २०७७ अनुसार अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, कोषाध्यक्ष-१ र ३३ प्रतिशत महिला सदस्यसहित सदस्य ५ गरी जम्मा ९ जनाको संचालक समिति र विनियमको दफा ३८ अनुसार लेखा सुपरिवेक्षण समितिमा संयोजक-१, सदस्य-२ गरी जम्मा ३ जनाको लेखा सुपरिवेक्षण समिति आगामी४ बर्ष कार्यकालकालागि स्वच्छ, निष्पक्ष, बिबादरहीत, पारदर्शी एवम् प्रजातान्त्रिक ढंगले निर्वाचन कार्यक्रम सम्पन्न गर्नुपर्ने भएको हुनाले सम्पूर्ण शेयर सदस्यहरुको लागि यो निर्वाचन कार्यत्रक्रम प्रकाशित गरिएको छ ।

**निर्वाचन कार्यक्रम**

| क्र.स. | बिवरण | मिति | देखि | सम्म | स्थान |
|---|---|---|---|---|---|
| १. | नामावली प्रकाशन | २०७७/०६/१५ | बिहान ११:०० बजेदेखि | बेलुका ०५:०० बजेसम्म | संस्थाको केन्द्रीय कार्यालय |
| २. | नामावली उपर दाबी बिरोध | २०७७/०६/१८ | बिहान १०:०० बजेदेखि | बेलुका ०४:०० बजेसम्म | |
| ३. | अन्तिम नामावली प्रकाशन | २०७७/०६/१८ | दिउँसो ०४:०० बजेदेखि | बेलुका ०५:०० बजेभित्र | |
| ४. | उम्मेदवारको मनोनयन दर्ता | २०७७/०६/१९ | बिहान १०:०० बजेदेखि | बेलुका ०४:०० बजेसम्म | |
| ५. | उम्मेदवारको नामावली प्रकाशन | २०७७/०६/१९ | | बेलुका ०५:०० बजे | |
| ६. | उम्मेदवार उपर दाबी बिरोध | २०७७/०६/२० | बिहान १०:०० बजे देखि | बेलुका ०४:०० बजेसम्म | |
| ७. | दाबी बिरोधपछि नामावली प्रकाशन | २०७७/०६/२० | दिउँसो ०४:०० बजेदेखि | दिउँसो ०४:३० बजेसम्म | |
| ८. | दाबी बिरोधपछि पुनः नामावली प्रकाशन | २०७७/०६/२० | दिउँसो ०४:३० देखि | बेलुका ०५:०० बजे | |
| ९. | उम्मेदवारको मनोनयन फिर्ता | २०७७/०६/२१ | बिहान १०:०० बजेदेखि | बेलुका ०३:०० बजेसम्म | |
| १०. | अन्तिम नामावली प्रकाशन | २०७७/०६/२१ | दिउँसो ०३:०० बजेदेखि | बेलुका ०४:०० बजेसम्म | |

११. मतदानः पछि सुचना प्रकाशन गर्ने ।
१२. मतगणनाः पछि सुचना प्रकाशन गर्ने ।
१३.परिणाम घोषणाः पछि सूचना प्रकाशन गर्ने ।
१४.स्थानः सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-४ को केन्द्रिय कार्यालयको सभाहल ।

**निर्वाचन समिति**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# ओजोन तहको रक्षा गरौं

**इस्वी सम्वत २०२० को सेप्टेम्बर १६ लाई अन्तर्राष्ट्रिय ओजोन तह बचाऊ दिवस भनिन्छ । सन् १९८७ मा चौबीस वटा राष्ट्रले ओजोन विनाशक हानीकारक तत्वहरुको उत्पादन कम गर्न हस्ताक्षर गरेको दिन हो आज । त्यसकै निरन्तरता स्वरुप सन् १९९५ सेप्टेम्बर १६ देखि यो दिवस मनाउन थालिएको हो । पृथ्वीको वातावरणीय तहदेखि करिब १५ देखि ३० किलोमिटर माथि रहेको एउटा त्यस्तो तह जसले सूर्यबाट आउने परावैजनी रंगका किरणलाई पृथ्वीमा आउनबाट रोक्छ त्यसैलाई ओजोन तह भनिन्छ । मानवीय क्रियाकलाप तथा अव्यवस्थित औद्योगिकीकरण र रसायनको जथाभावीको प्रयोगले ओजोन तह पातलिँदै च्यातिन थालेको अवस्थाले पृथ्वीको जीवन नै जोखिममा पर्न थालेको छ ।**

**ओजोन तहलाई भौतिक विकासले दिएको उपलब्धिले दिनहुँ क्षति गरिरहेको छ । गाडीबाट निस्कने धुँवा होस् वा उद्योग धन्दाबाट उत्पन्न हुने धुँवा, ध्वनि अथवा सौन्दर्यका लागि प्रयोग गरिने रंग वा सुविधाका लागि प्रयोग गरिने फ्रिज, एसी सबैले उत्पादन गर्ने विषाक्त ग्यासहरुले ओजोनको आयुलाई घटाउँदै लगेको छ । यसका साथै कृत्रिम सुगन्धित वस्तु पनि ओजोनको विनाशक तत्वमध्ये प्रमुख मानिन्छ । ओजोन तह पातलिँदा मात्रै पनि सूर्यबाट आउने विषाक्त किरणले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने र दीर्घरोग निम्त्याउने जोखिमलाई मध्यनजर गर्दै विश्वभर सचेतना र सजगताका लागि ओजोन दिवस मनाउन थालिएको हो । विज्ञानको आविष्कारहरुले मानिसको दिनचर्या र जीवनपद्धतिमा अनेक सुविधा त दिएको छ, तर तिनले परोक्ष रुपमा पुऱ्याउने हानीप्रति बेखबर रहँदा सामना गर्नुपर्ने जोखिम उच्च हुन्छ भन्ने भुल्नु हुँदैन ।**

**नेपाल र नेपाल जस्ता विकासशील देशहरुले ओजोन तहको अवस्थितिमा त्यति हानी पुऱ्याएका छैनन् । तर ठूला, सम्पन्न देशहरुले गरेका खोज, आविष्कार र प्रयोगले उत्पन्न गरेको दुष्परिणामको भागिदार हुनबाट कोही जोगिन सकिन्न । त्यस्ता प्रकृतिविरुद्धका वस्तुको प्रयोग, आणविक भट्टी, हातहतियार, रसायन, विषादी, धुलो, धुँवा, ध्वनि, सुगन्धित वस्तु आदिको प्रयोगले ओजोन तह प्रतिदिन कमजोर हुँदै प्वाल पर्ने अवस्थामा पुगेको वैज्ञानिक निष्कर्षलाई गम्भीररुपमा लिन ढिला गर्नुहुँदैन । विकासको नाममा आफू र आफ्ना सन्ततिको सुरक्षित भविष्यका लागि समेत मानव जातिले वैज्ञानिकहरुको चेतावनीलाई मनन् गर्नुपर्छ । सूर्य सम्पूर्ण प्राणी तथा वनस्पतिको जीवन दाता हो । तर, त्यही सूर्यबाट निस्तृत विषाक्त किरणलाई छानेर स्वस्थ र सहयोगी प्रकाश दिने ओजोन तहलाई जोगाउने हामी सबैको कर्तव्य हो । आजको दिनले सबैलाई यसतर्फ सचेत गराओस् ।**

एकका लागि एक अभियान

# राहत वितरणदेखि पीसीआर ल्याबसम्म



**विनोद बस्नेत**

'उद्देश्य के लिनु, उडी छुनु चन्द्र एक।' भन्ने उक्ति आज पर्यन्त उत्तिकै चर्चित छ। ठूलो उद्देश्य राखेर कुनै कार्य शुरु गऱ्यो भने सवैको साथ सहयोगले त्यो कार्य पूरा गर्न सकिन्छ भन्ने मलाई अनुभव भएको छ यतिबेला। विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणले आजसम्म पनि विश्वका धेरै मुलुकलाई आक्रान्त तुल्याएको छ। यस महामारीबाट हाम्रो देश नेपाल पनि अछुतो रहन सकेको छैन। कोरोना भाइरसको संक्रमणले नेपाललाई पनि गाँज्न थालेपछि त्यसबाट बच्न सरकारले चैत ११ गतेदेखि लकडाउन शुरु गऱ्यो।

कोरोना भाइरसको संक्रमणबाट बच्न सुरक्षाका सावधानी अपनाएर लकडाउनको समयमा सबै घरमै सुरक्षितरुपमा बस्न थाल्यौं। लकडाउनको समयमा सबै क्षेत्र ठप्प बनेपछि हुने खानेभन्दा पनि हुँदा खाने वर्ग बढी मारमा परे। यसैक्रममा सामाजिक अभियन्ता महेन्द्रकुमार गिरीले बशाख ४ गते फेसबुकमा लेखेको स्टाटसले मेरो मन छोयो। उहाँले लेख्नुभएको थियो- 'हामी सबै सम्पन्न एक घरले विपन्न एक परिवारका लागि राहत सहयोग गरौं। सरकारले सरकारी बजेट सबैको स्वास्थ्य सेवामा खर्च गरोस्।' उक्त स्टाटसमा समर्थन जनाउने र कमेन्ट बक्समा सहयोग गर्ने बचन दिने बढेपछि बिर्तामोडस्थित सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थामा सामाजिक अगुवा महेन्द्रकुमार गिरीले मलाई बोलाएर लकडाउनको मारमा परेका विपन्न परिवारलाई सहयोग गर्न एक अभियान सञ्चालन गरौं भन्नुभयो, मैंले यो त साह्रै राम्रो हो। सबैलाई बोलाएर छलफल गरौं भन्ने सल्लाह दिएँ। त्यसपछि हामी दुई/चार जना भएर छलफल गऱ्यौं। उक्त छलफलबाट विपन्न परिवारलाई खाद्यान्न सहयोग गर्न सामाजिक अगुवा महेन्द्रकुमार गिरीको संयोजकत्वमा 'एकका लागि एक' अभियान शुरु गरियो।

'एकका लागि एक' अभियानको सल्लाहकारमा नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकाललाई चयन गरियो भने हामी 'एकका लागि एक' अभियानको सदस्यमा रहेर काम गर्न थाल्यौं। लकडाउनको समयमा खाद्यान्न अभाव भएर भोकभोकै अवस्थामा रहेका विपन्न परिवारका लागि २५ केजी चामल, दुई केजी दाल, एक लिटर तेल, दुई केजी नुन र दुई थान साबुनका दरले राहत वितरण गर्ने र त्यसका लागि 'एकका लागि एक' अभियानको सदस्य बन्न दुई हजार रुपैयाँ सहयोग गर्नुपर्ने मापदण्ड बनाएर सहयोगको आह्वान गऱ्यौं।

दुई हजार रुपैयाँ सहयोग गरेर 'एकका लागि एक' अभियानमा जोडिएर सामाजिक कार्यमा सहभागिता जनाउन पाउने भएपछि जो कोही पनि आर्थिक सहयोग गर्न तयार भए। जसले गर्दा हामी अभियानकर्मीलाई थप हौसला मिल्यो। सहारा नेपालको अगुवाईमा १८ वटा सामाजिक संघ-संस्थाको सहभागिता र संवाद समूहको संयोजनमा 'एकका लागि एक' अभियान शुरु गरी वैशाख १९ गते अन्तर्राष्ट्रिय श्रमिक दिवस (मे १)का दिन अति विपन्न परिवारलाई २५ केजी चामल, दुई केजी दाल, एक लिटर तेल, दुई केजी नुन र दुई थान साबुनका दरले राहत वितरण गर्न शुरु गऱ्यौं।

'एकका लागि एक' अभियान मार्फत एक हजार अति विपन्न परिवारलाई राहत वितरण गर्ने गरी अघि बढेका हामी त्यसका लागि चाहिने रकम दुई-चार दिनभित्रै जुटे पनि सहयोग आउनेक्रम नरोकिएपछि हामीले झापा र मोरङका दुई हजारभन्दा बढी अति विपन्न परिवारलाई खाद्यान्न वितरण गर्न सफल भयौं। अति विपन्न परिवारलाई खाद्यान्न वितरण गर्दैगर्दा मात्र 'एकका लागि एक' अभियानको सहसंयोजकमा मलाई जिम्मेवारी दिएको मैंले थाह पाएँ। सहारा नेपालका कर्मचारी घनश्याम रायले मलाई उक्त कुरा सुनाउँदा मलाई अझ जिम्मेवार भएर अभियानलाई अघि बढाउनुपर्छ भन्ने भावना पैदा भयो। कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनका कारण बजार क्षेत्रका होटल बन्द भएपछि होटलमै आश्रित असक्त, सडक मानव, अस्पतालका बिरामी कुरुवा लगायतको अवस्था झन् नाजुक भयो। उनीहरुको त्यस्तो अवस्था देखेर उनीहरुको चहऱ्याई रहेको घाउमा मल्हमपट्टि लगाउन वैशाख २८ गतेदेखि बिर्तामोडको वनस्टप मलमा स्टल राखेर लकडाउन नखुलेसम्म हरेक दिन बिहान ९ बजेदेखि १२ बजेसम्म निःशुल्क खाना वितरण गर्न शुरु गरियो। 'एकका लागि एक' अभियानका सदस्य सञ्जीव घिमिरेको संयोजकत्वमा खाना व्यवस्थापन उपसमिति गठन गरेर शुरु गरेको निःशुल्क खाना वितरण कार्यक्रममा १० हजारभन्दा बढीले खाना खाएका थिए।

झापामा कोरोनाको त्रास कायमै छ, कोरोना संक्रमितको संख्या पनि बढिरहेको छ। यस्तो बेलामा भारत लगायत विभिन्न देशमा रहेका नेपालीहरुलाई स्वदेश फर्काउन सरकारले शुरु गऱ्यो। जेठदेखि भारतका विभिन्न स्थानबाट घर फर्किनेको संख्या ह्वात्तै बढेपछि झापामा स्वाब नमूना संकलन गर्न आवश्यक पर्ने भाइरल ट्रान्सपोर्ट मिडिया (भीटीएम) अभाव हुन थालेपछि जेठ १० गतेदेखि जिल्लास्थित कोरोना भाइरस रोकथाम तथा नियन्त्रण, उपचार समन्वय तथा अनुगमन समिति झापाको आग्रहमा 'एकका लागि एक' अभियानले भीटीएम किट र आरडीटी किट खरिद गरेर वितरण गरियो। 'एकका लागि एक' अभियानका साझेदार संस्था वीरता जेसीजका अध्यक्ष मिजाश पोखरेलको संयोजकत्वमा रोटरी क्लव अफ बिर्तामोडका अध्यक्ष निर्मल भट्टराई सहसंयोजक रहने गरी भीटीएम किट खरिद तथा हस्तान्तरण गरियो। त्यस्तै अभियानको संयोजनमा अन्तर्राष्ट्रिय झापाली समाजले १५ वटै पालिका र प्रमुख जिल्ला अधिकारी उदयवहादुर रानामगरलाई एक हजार छ सय थान भीटीएम किट हस्तान्तरण गरियो।

कोरोनाको त्रासका कारण भारतबाट आएर बिर्तामोडस्थित कञ्चनजंघा इन्स्टिच्युटमा निर्माण गरिएको होल्डिङ सेन्टरमा बसेका करिब तीन हजार जनालाई 'एकका लागि एक' अभियान मार्फत बिहान, दिउँसो र बेलुका खाना खाजा खुवाइयो। कोरोना संक्रमण जोखिम न्यूनीकरण रोकथाम र उपचारका लागि झापामा गठित कोरोना भाइरस रोकथाम तथा नियन्त्रण, उपचार समन्वय तथा अनुगमन समितिले आग्रह गरेपछि जेठ २८ गतेसम्म खाना खुवाइयो भने उनीहरुलाई तन्ना, ब्ल्याङ्केट लगायतका सामग्री समेत प्रदान गरियो। अति विपन्न परिवारलाई राहत वितरण गर्न शुरु गरेको 'एकका लागि एक' अभियान यो अवस्थासम्म आइपुग्दा 'एकका लागि एक' अभियानप्रति सबैको चासो बढेको थियो।

'एकका लागि एक' अभियानले गरेको कामको नेपालमा मात्र नभएर अन्तर्राष्ट्रियस्तरमा समेत चर्चा र प्रशंसा हुन थालेको थियो। कोरोना भाइरसको संक्रमणको समेत कुनै परवाह नगरी अभियानकर्मी जुटेकाले र 'एकका लागि एक' अभियानले सामाजिक कार्य गरेको भन्दै अभियानलाई आर्थिक सहयोग गर्नेको संख्या झन् बढेर गयो। जसले गर्दा हामी अभियानकर्मी झन् उत्साहित भयौं। झापा लगायत देशभर कोरोना संक्रमितको संख्या झन्-झन् बढिरहेको थियो। कोरोना संक्रमितको पीसीआर परीक्षण गर्न स्वाब परीक्षणका लागि पीसीआर परीक्षण प्रयोगशालामा पठाउनुपर्ने थियो। झापामा पीसीआर परीक्षण प्रयोगशाला नहुँदा कोरोना संक्रमितको पीसीआर परिक्षण गर्न स्वाब परीक्षणका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपा क्याम्प वा कोशी प्रादेशिक अस्पताल विराटनगर पठाउनुपर्ने बाध्यता थियो। कोरोना संक्रमितको पीसीआर परीक्षण गर्न स्वाब परीक्षणका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपा क्याम्प वा कोशी प्रादेशिक अस्पताल विराटनगर पठाएको एक सातासम्म पनि रिपोर्ट प्राप्त गर्न सकिरहेको अवस्था थिएन। जसले गर्दा कोरोना संक्रमित मानसिक पीडामा थिए भने उनीहरुका परिवार समेत झन् पीडामा थिए।

'एकका लागि एक' अभियानले यिनै कुराहरुलाई मध्यनजर गर्दै झापामा जनस्तरबाट पीसीआर परीक्षण प्रयोगशाला स्थापना गर्ने सोच बनायो। संवाद समूहको संयोजनमा 'एकका लागि एक' अभियानका साझेदार संस्थाहरुको बिर्तामोडको अतिथि सदनमा बैठक बसेर झापामा कोरोना संक्रमितको पीसीआर परीक्षण गर्न स्वाब परीक्षणका लागि जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापना गर्ने निर्णय गऱ्यो। त्यसपछि 'एकका लागि एक' अभियानले झापामा कोरोना संक्रमितको पीसीआर परीक्षण गर्न स्वाब परीक्षणका लागि जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापना गर्ने निर्णय गरेपछि झापा जिल्लाबासी मात्र होइन देश-विदेशमा रहेका झापाली समेत उत्साहित बने। जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापना गर्ने कुरा चानचुने थिएन। त्यतिबेला हामीसँग १५ लाख रुपैयाँ जति थियो। पीसीआर प्रयोगशाला स्थापना गर्न करिब डेढ करोड रुपैयाँ लाग्ने अनुमान थियो। त्यसका लागि 'एकतामा बल हुन्छ' भन्ने भनाईलाई आत्मसात गर्दै हामीले सञ्चारमाध्यम र सामाजिक सञ्जाल मार्फत सबैसँग सहयोगको अपिल गऱ्यौं। हामीले सञ्चारमाध्यम र सामाजिक सञ्जाल मार्फत गरेको अपिलले जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापना गर्न सहयोग रकम जुट्न थाल्यो।

'एक थुकी सुकी, सय थुकी नदी' भन्ने उक्तिमा हामी विश्वस्त भएर जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापना गर्ने कुरामा हामी ढुक्क थियौं। जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापना गर्न भन्दै मानिसले आफ्ना छोराछोरीको जन्मदिनको खर्च, वैवाहिक वर्षगाँठको खर्च समेत दिन थाले। बिर्तामोड-१ कि ९६ वर्षीया सावित्रादेवी बस्नेत र बिर्तामोड-२ चैतुवारीका ९१ वर्षीय विष्णुप्रसाद ओलीले हामीलाई घरमै बोलाएर पीसीआर प्रयोगशाला स्थापना गर्न भन्दै रकम दिँदा हामीमा हर्षको सीमा नै थिएन। बिर्तामोड अपाङ्गता स्वावलम्वन संस्थामा आवद्ध शारीरिक अपाङ्गता, दृष्टिविहीन, अल्पदृष्टियुक्त, बहिरा, सूस्तश्रवण लगायत शारीरिक अपाङ्गता भएकाले समेत पीसीआर प्रयोगशाला स्थापना गर्न भन्दै रकम दिँदा हामी झन् उत्साहित हुँदै गयौं।




जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापना गर्न हामीले गरेको काम जिल्लामै नमूनायोग्य काम भएर विश्वका ४२ मुलुकमा सञ्जाल रहेको 'अन्तर्राष्ट्रिय झापाली समाज'ले २५ लाख रुपैयाँ र जिल्ला सहकारी संघ झापाले सहकारी अभियान मार्फत २५ लाख रुपैयाँ सहयोग गरे। यो सहयोगले हामी अभियानकर्मीमा झन् हौसला र ऊर्जा थप्यो। सहारा नेपालको अगुवाईमा १८ वटा सामाजिक संघ संस्थाको सहभागितामा शुरु गरिएको 'एकका लागि एक' अभियानको अगुवाईमा जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापना गर्न देशभित्रका एक हजार दुई सय ७८ र विदेशबाट ६० जनाले व्यक्तिगत तथा देशभित्रका एक सय २३ र विदेशका नौ वटा संस्थाले आर्थिक सहयोग गरिसकेका छन् भने अझै सहयोग जुट्ने कार्य जारी छ।

सबैको सहयोगले नै गर्दा आज हामी झापाको कनकाई नगरपालिका-४ कोटीहोममा रहेको समर्पण राष्ट्रिय अभियानको भवनमा जनस्तरबाट पीसीआर परीक्षण प्रयोगशाला स्थापना गर्न सफल भएका छौं। कनकाई नगरपालिकाको समन्वयमा हामीले पीसीआर परीक्षण प्रयोगशाला भद्रपुरस्थित मेची प्रादेशिक अस्पतालको मातहत रहने गरी प्रदेश सरकारलाई हस्तान्तरण गरिसकेका छौं। जनस्तरवाट स्थापना गरिएको पीसीआर परीक्षण प्रयोगशाला सञ्चालनका लागि लागि स्वास्थ्य मन्त्रालयले स्वीकृति प्रदान गरिसकेको छ। सबैको सहयोग र प्रेरणाले गर्दा झापाको कनकाई नगरपालिका-४ कोटीहोममा रहेको समर्पण राष्ट्रिय अभियानको भवनमा जनस्तरबाट पीसीआर परीक्षण प्रयोगशाला स्थापना गरी सञ्चालन गर्न थालिसकेका छौं। पीसीआर परिक्षण प्रयोगशालामा परीक्षण गर्न शुरु गरिएको छ भने आज प्रदेश नं.१ का प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासीको बाहुलीबाट उद्घाटन हुने खबर सुनाउन पाउँदा हामी हर्षित भएका छौं।

कोरोना महामारीको संकटमा मलमपट्टी गर्न विश्वभरका झापाली तथा समाजिक संघ-संस्थाको अभूतपूर्व एकता, सहभागिता र साझेदारीमा शुरु भएको एकका लागि एक अभियानको अगुवाईमा झापाको कनकाई नगरपालिका कोटीहोमस्थित समर्पण राष्ट्रिय अभियानको भवनमा कोरोना भाइरसको परीक्षणका लागि पीसीआर प्रयोगशाला स्थापना गर्न १ नं. प्रदेश सरकारका मुख्यमन्त्री शेरधन राई, सामाजिक विकास मन्त्री जीवन घिमिरे, झापाका कनकाई, बिर्तामोड, अर्जुनधारा, मेचीनगर, शिवसताक्षी नगरपालिका, बुद्धशान्ति, हल्दिबारी र झापा गाउँपालिका, झापाका राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुले गरेको सहयोग र भूमिका अतुलनीय रहेको छ। एकका लागि एक अभियानको परिकल्पना अवधारणा विकास र शुरुवातदेखि नै सहजीकरण गरेर अभियान र राजनीति दल, सरकार नागरिकप्रति सेतुको काम गरेर संवाद समूह झापाले खेलेको भूमिका प्रशंसनस्य छ। त्यस्तै झापाका सञ्चारकर्मी, सञ्चारमाध्यम, नागरिक समाज, चन्दादाता, जेसीजका पदाधिकारीहरु लगायत सबै धन्यवादका पात्र हुनुहुन्छ। राजनीतिभन्दा माथि उठेर निःस्वार्थ भावनाले गरिएको मुलुकमै नयाँ मोडेलको यो काम सफल हुँदा हर्षविभोर हुँदै सहयोग सहकार्य गर्नुहुने सबैमा कोटी-कोटी धन्यवाद छ।

*(बस्नेत एकका लागि एक अभियानका सहसंयोजक हुन्।)*

# कोरोना संक्रमितलाई हेर्ने दृष्टिकोण बदलौं



**रमेश पानी पोखेल**

आइसोलेसन डायरी

एक जना व्यक्ति संक्रमित हुँदा समाजले ठूलो मूल्य चुकाउनु पर्ने र राज्यले ठूलो लगानी गर्नुपर्ने रहेछ। कोरोना संक्रमणको पुष्टि भएपछि मेरो परिवार, मेरो नियमित सम्पर्कमा रहेका नजिकका छिमेकी र मैले काम गर्ने कार्यालयका कर्मचारी एकै पटक आईसोलेट भए। उनीहरुले आफ्नो नियमित काम बन्द गरेर कोठामा थुनिनु पऱ्यो। ठूलो मानसिक र सामाजिक दवाब झेल्नु पऱ्यो।

बाक्लो आवासीय क्षेत्रमा बसोबास गर्ने भएकाले आसपासका ठूलो संख्याका छरछिमेकमा भएको वातावरण सृजना भयो। स्थानीय बजार सिल भयो। उद्योग, व्यापार, व्यवसाय कार्यालय सबै बन्द भए। उनीहरुले आर्थिक क्षति व्यहोर्नु पऱ्यो। मलाई सेवा दिने किराना पसल, सब्जी मण्डी, दूधडेरी, औषधि पसल र मसँग हाईहल्लो गर्ने साथीभाइ सबैलाई संक्रमणको डर भयो। मैले काम गर्ने अफिस बन्द हुँदा सेवाग्राहीहरु सेवाबाट वञ्चित भए। उनीहरुमा सेवा लिने क्रममा संक्रमण सऱ्यो कि भन्ने चिन्ता भयो। यसले समाजमा ठूलो आर्थिक क्षति र मानसिक कोलाहल सृजना गर्‍यो। बिमारी हुँदा समेत प्रियजनबाट टाढा बस्नु पऱ्यो। बाटो हिँड्ने बटुवा समेत मुख छोपेर छिटो-छिटो घर कट्ने । घरतिर फर्केर बोल्दा पनि संक्रमण भई हाल्छ कि भनेर डराउनु पर्ने स्थिति बन्यो। मेरो सबैभन्दा नजिकका व्यक्ति र कर्मचारीहरुको कोरोना परीक्षणको रिपोर्ट नआउँदासम्म यस्तो वातावरण रहिरह्यो।

मलाई संक्रमण पुष्टि भएको तीन दिनपछि नगरपालिकाले मेरो परिवारका ७० बर्ष नाघेका बुवा आमासहित सात जना, गर्भवती महिला र बालबालिकासहित नजिकका छरछिमेकी आठ जना र म कार्यरत कार्यालयका छ जना कर्मचारी गरी जम्मा २१ जनाको कन्ट्याक ट्रेसिङ गऱ्यो। उनीहरुको स्वाब संकलन भएको चौथो र पाँचौं दिन तथा म संक्रमण पुष्टि भएको एक सातापछि बल्ल सबैको रिपोर्ट नेगेटिभ आयो। मलाई संक्रमणको लक्षण देखिएको ११ दिन बितिसकेको र लक्षणबाट मुक्त भइसकेको थिएँ। मेरो कन्ट्याकमा रहेका सबैको रिपोर्ट पनि नेगेटिभ आएपछि बल्ल शान्तिको सास फेर्न पाएँ। स्वाब दिएपछि तत्काल त्यसको नतिजा नआउने लामो समय कुर्नु पर्नाले संक्रमणको जोखिम झन् बढेको छ भने लामो समयसम्म त्रास बढाएको छ।



एक व्यक्ति कोरोनाबाट संक्रमित हुँदा राज्यले ठूलो धनराशी र जनशक्ति लगानि गर्नुपर्ने रहेछ। मलाई संक्रमण भएको खबर प्रहरीबाट आयो। संक्रमित व्यक्ति नभागोस् भनेर लगत्तै मेरो निवास क्षेत्रमा प्रहरी परिचालन भयो। नगरपालिकाको बैठक बसेर नगरको निश्चित क्षेत्र सिल गर्ने निर्णय भयो। बजार बन्द गर्न भन्दै माइकिङ शुरु भयो। म काम गर्ने कार्यालय सिल भयो। नजिकको कन्ट्यामा रहेकाहरुको पहिचान र खोजी शुरु भयो। यसै क्रममा ठूलो जनशक्ति स्रोत र साधन परिचालन भयो। मेरो नजिकका २१ जनाको ट्रेसिङ, स्वाब संकलन र परीक्षणमा प्रति व्यक्ति लगभग ३४ सयका दरले ७१ हजार चार सय खर्च भयो। आइसोलेसनमा बस्दा खाना, खाजा, इन्टरनेट, एम्बुलेन्स, बिजुली, पानी सरसफाई लगायतमा नगरपालिकाले लगानी गऱ्यो। आईसोलेसन सेन्टरको रेखदेख गर्न चौबिसै घण्टा प्रहरी परिचालन गरियो। आईसोलेसन सेन्टरको व्यवस्थापनमा थप लगानी भयो।

थोरै सावधानी र सजगता आपनाउन सके अरुलाई संक्रमण सर्नबाट बचाउन सकिने रहेछ। मलाई संक्रमणको शंका लाग्ने बित्तिकै परिवारबाट अलग्गै बसेँ कसैलाई छेउमा आउन दिइन त्यसैले मेरो आसपासका कसैलाई पनि संक्रमण भएन। म सँगै आईसोलेसन सेन्टरमा बसेका एकजनाको कन्ट्याकमा रहेका परिवारका सबै ११ जना सदस्यको कन्ट्याकट्रेसिङ को रिपोर्ट पोजेटिभ आयो भने अन्यको पनि केही केस पोजेटिभ देखियो। उनीहरुको घर क्षेत्र आसपास फेरि पनि बजार सिल, आईसोलेसन, कन्ट्याक ट्रेसिङ्गको दुश्चक्र चलिरहेको छ। परिवार, समाज र राज्य त्यही दुश्चक्रमा रुमल्लिरहेको छ।

# झापामा यसरी मनाइयो बाल दिवस

**झापा, भदौ ३०।** 'विपदमा बालअधिकारको सुनिश्चितताः हामी सबैको प्रतिबद्धता' भन्ने मूल नाराको साथमा झापासहित देशभर ३१औं राष्ट्रिय बाल दिवस मनाइएको छ।

सोहीक्रममा नेपालकै पाँचौ र प्रदेश नं. १ कै पहिलो बालमैत्री नगर बन्न लागेको भद्रपुर नगरपालिकाले पनि नगर क्षेत्रका अन्तर मावि अनलाइन वक्तृत्वकला तथा चित्रकला प्रतियोगिता एवम् विषय विज्ञहरूसँग अनलाइन सम्वाद कार्यक्रम सम्पन्न गरेको छ।

'बालमैत्री स्थानीय शासनमा बालबालिकाको भूमिका' शीर्षकमा आयोजना गरिएको वक्तृत्वकला प्रतियोगितामा प्रज्ञा एकाडेमीकी आर्जु बस्नेत प्रथम, विभूति विद्या मन्दिरकी रुक्सुम गुरागाई द्वितीय र विभूतिकै विदिशा ढकाल तृतीय भएका छन् भने हिमालय बोर्डिङ्ग स्कूलका रोशन सिक्देल सान्त्वना भएका छन्। उद्धव बिष्ट, गोपाल लिम्बू र जीवनकला राउत रहेको निर्णायक मण्डलले वक्तृत्वकला प्रतियोगिताको छनौट गरेका थिए।

त्यस्तै चित्रकला प्रतियोगितामा विभूति विद्या मन्दिरका हरदेव राजवंशी प्रथम, विदुर बोर्डिङ्ग स्कूलका विगेन गुरुङ्ग द्वितीय, एभरेष्ट स्कूलकी भेषजा खतिवडा तृतीय र विदुर बोर्डिङ्ग स्कूलकी रिचा गुरुङ्ग सान्त्वना भएका छन्। चित्रकला प्रतियोगिताको पवन राजवंशी, अरिफ अली र अनिल प्रधानले निर्णायक भूमिका निर्वाह गरेका थिए।

त्यसैगरी भद्रपुर नगरपालिकाको आयोजना तथा नगर बाल सञ्जाल भद्रपुरको सह-आयोजनामा अनलाइन संवाद कार्यक्रम सम्पन्न भएको छ। भद्रपुर नगरपालिकाको नगर बाल सञ्जालका पूर्व अध्यक्ष सुशील खत्रीले- 'बाल क्लव/बाल सञ्जालमा रहँदाको अनुभव र आफूमा आएको परिवर्तन'को



बारेमा, सञ्चारकर्मी दीपक अधिकारीले- 'बालअधिकार प्रवर्द्धनमा सञ्चारकर्मीको भूमिका'का विषयमा बोलेका थिए। त्यस्तै सुनवन नगरपालिका बाल सञ्जालका पूर्व अध्यक्ष तथा बाल अधिकारकर्मी बिपना शर्माले- 'बालमैत्री स्थानीय शासन घोषणामा बाल सञ्जालको भूमिका र आफ्नो अनुभव', इन्डिजेनियस टेलिभिजनका कार्यक्रम प्रस्तोता कुमार यात्रुले- 'नेपालमा बालअधिकारको स्थिति र बालबालिकाका लागि गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरू'का सम्बन्धमा प्रकाश पारेका थिए।

कार्यक्रममा राष्ट्रिय बाल सञ्जालका पूर्व संस्थापक अध्यक्ष तिलोत्तमा पौडेलले- 'बालमैत्री स्थानीय शासनको आवश्यकता र कार्यान्वयनका चुनौतिहरू'का बारेमा बोलेकी थिइन्। त्यसैगरी भद्रपुर नगरपालिकाका उपप्रमुख चन्द्रमाया श्रेष्ठले-'बालबालिका सम्बन्धी नेपालका कानूनी व्यवस्था र बालमैत्री स्थानीय शासन नगर घोषणाका लागि भद्रपुर नगरपालिकाले निर्माण गरेको दस्तावेजहरू' र भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठले- 'बालमैत्री स्थानीय शासन अभियानमा भद्रपुर नगरका गतिबिधिहरूबारे जानकारी' गराएका थिए। त्यसैगरी जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेलले- 'विपद्मा बाल अधिकार सुनिश्चितताका लागि हाम्रो भूमिका'को बारेमा बोलेका थिए।

नगर बाल सञ्जाल भद्रपुरकी अध्यक्ष आरध्या प्याकुरेलको अध्यक्षतामा भएको कार्यक्रममा भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत होमनाथ भट्टराईले स्वागत गरेका थिए। अनलाइन संवाद कार्यक्रमको सहजीकरण बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रमका फोकल पर्सन दीपक पाण्डेले गरेका थिए।

त्यसैगरी राष्ट्रिय बाल दिवसको अवसर पारेर मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय इँटाभट्टाले नगरका दुईवटा बाल आश्रमहरुमा रहेका बालबालिकाहरुलाई फलफूल वितरण गरेको थियो।

नगर प्रमुख बिमल आचार्य, उपप्रमुख मीना पोखरेलसहितको प्रतिनिधि मण्डलले नगरको ७ नम्बर वडामा रहेको समाजसेवा सुधार अपाङ्ग संघ र १० नम्बर वडामा रहेको स्वबोध साधना केन्द्रमा रहेका बालबालिकाहरुलाई फलफूलसहित खाद्य सामग्री वितरण गरेको नगरपालिकाका महिला विकास निरीक्षक जयन्ती खरेल लम्सालले जानकारी दिइन्।

बालबालिका देशका कर्णधार भएकाले उनीहरुको हकहित अधिकार रक्षाका लागि स्थानीय सरकार उनीहरुकै पक्षमा लाग्ने उपप्रमुख उप्रेतीले प्रतिबद्धता व्यक्त गरिन्। स्वबोध साधना केन्द्रका अध्यक्ष बालकृष्ण थपलियाले धन्यवाद ज्ञापन गरेको कार्यक्रममा मेचीनगर-१३ नम्बर वडाका वडाध्यक्ष कृष्ण सिग्देल लगायतको सहभागिता रहेको थियो।

त्यसैगरी राष्ट्रिय बाल दिवसको अवसरमा झापा दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयमा दीप प्रज्ज्वलन गरिएको छ। बाल क्लबको आयोजनामा विद्यालयमा दीप प्रज्ज्वलन गरिएको हो। कोभिड-१९ का कारण विविध कार्यक्रम गरी बाल दिवस मनाउन सम्भव नभएपछि महामारीको अन्त्यको कामना गर्दै दीप प्रज्ज्वलन गरिएको प्रधानाध्यापक विश्व थापाले बताए।

बाल क्लबका अध्यक्ष अभिषेक कटुवालको अध्यक्षता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुलाल सुब्बाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नगर परिषद सदस्य लाल महमद मिया, विद्यालय व्यवस्थापन समितिका सदस्य मुनिलाल राजवंशी, शिक्षक मित्रलाल काफ्ले तथा बाल क्लबका पदाधिकारीहरुको सहभागिता रहेको थियो।

त्यसैगरी दक्षिणी झापाको कचनकवल गाउँपालिकामा 'कचनकवल बाल मञ्जरी' पुस्तकको विमोचन गरी बाल दिवस मनाइएको छ। कचनकवल शिक्षा शाखाले बालबालिकाहरूको लेख रचना संकलन गरी तयार पारेको सो पुस्तकको गाउँपालिकाका अध्यक्ष अञ्जार आलम, उपाध्यक्ष निमसरी राजवंशी र प्रमुख प्रशासकीय अधिकृत कुमार बस्नेतले संयुक्तरुपमा विमोचन गरेका थिए।

बाल दिवसकै अवसरमा अन्तर माध्यमिक विद्यालयस्तरीय अनलाइन वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो। सो कार्यक्रममा लक्ष्मीप्रसाद देवकोटा माविकी प्रतीक्षा कार्की प्रथम, लक्ष्मी माविकी आरती अधिकारी द्वितीय, विद्या निकेतन माविकी रेशिका अधिकारी तृतीय र महेन्द्र-रत्न माविकी हिना फिर्दोसी सान्त्वना भएका थिए। विजयी प्रतियोगीहरुलाई पुरस्कार वितरण गरिएको शिक्षा शाखा प्रमुख छविलाल बस्नेतले जानकारी दिए।

# पूर्वेली साप्ताहिक छैठौं बर्षमा

**बुद्धशान्ति, भदौ ३०।** झापाको बुद्धशान्तिबाट साप्ताहिक रुपमा प्रकाशन हुँदै आएको पूर्वेली साप्ताहिक पत्रिका प्रकाशनको पाँचौ बर्ष पूरा गरी छैटौं बर्षमा प्रवेश गरेको छ।

बुद्धशान्ति मिडिया हाउस प्रालीद्वारा प्रकाशित पत्रिका बि.सं.२०७१ सालमा बिधिवत रूपमा दर्ता भएको थियो।

प्रेस काउन्सिल नेपालद्वारा स्थानीय 'ख' श्रेणीको वर्गीकृत पत्रिका पूर्वेली झापा जिल्लाका विभिन्न स्थानीय तहमा तथा इलामका केही स्थानमा वितरण हुँदै आएको पत्रिकाका अध्यक्ष चन्द्र कोइरालाले बताएका छन्।

प्रविधिको विकाससँगै पत्रिकाले अनलाइन संस्करण समेत शुरु भएको पत्रिकाका सम्पादक अनिल वाग्लेले बताए। अनलाइन पोर्टलमार्फत विश्वभरका पाठकमाझ आफ्नो पहुँच कायम गर्न सफल भएको उनले बताए। जिल्लाको उत्तरी भेगमा सञ्चार माध्यमको विकास नभएको बेला बुद्धशान्ति गाउँपालिकालाई आफ्नो मुख्य कार्यक्षेत्र बनाई कार्यलय स्थापना गरि जनतालाई सुसूचित पार्ने उद्देश्यले पत्रिका प्रत्येक बुधवार निरन्तर प्रकाशन भइरहेको उनले जानकारी दिए।

पत्रिकाका सम्पादक अनिल वाग्लेले स्थापनाकालदेखि यहाँ सम्मको यात्रामा सहयोग पुयाउनुहुने सञ्चालक समिति, सम्पूर्णविज्ञ लेखक, पाठक, सहकर्मी संवाददाता, विज्ञापनदाता तथा शुभचिन्तकहरुको सदैब माया ममता र सद्भाव रहने कुरामा विश्वस्त छौं भनेका छन्।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा

प्रदेश न.१, भद्रपुर
(कार्यक्षेत्र : झापा र इलाम)

# प्रस्ताव आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७७।०५।३१*
*प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७७।०६।१४*

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको आ. व. २०७७।७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ मा भएको व्यवस्था बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक आवेदकहरुबाट मिति २०७७/०६/१४ गते बुधबारसम्म कार्यालय समयभित्रमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापा (फोन नम्बर ०२३–५२११६१) र सम्पर्क कार्यालय इलाम (फोन नं. ०२७–५२००४३) मा सम्पर्क राख्न सकिनेछ। साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाईट www.molmac.p1.gov.np बाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ डाउनलोड गरेर समेत विस्तृत जानकारी लिन सकिनेछ। कार्यालयको तर्फबाट प्रति इकाई अधिकतम् अनुदान रकम कूल लागतको ७५ प्रतिशतभन्दा बढी हुने छैन, यदि उक्त रकम तोकिएको रकमभन्दा बढी भएमा तोकिएको रकम मात्र अनुदान स्वरुप उपलब्ध गराइने छ र बाँकी रकम प्रस्तावक स्वयम्ले व्यहोर्नु पर्नेछ।

**कार्यक्रम विवरणः**

| क. सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | कार्यालयको तर्फबाट प्रति इकाई अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|
| १ | व्यवसायिक बंगुर फार्महरुलाई गोठ/खोर निर्माण/ जैविक सुरक्षा तथा सुदृढिकरण सुधारमा अनुदान | संख्या | १० (झापा-६, ईलाम-४) | १.५ लाख | पाठापाठी उत्पादकले तराई क्षेत्रको हकमा १० वटा भुनी बंगुर र मासु उत्पादनका लागि २० बटा बंगुर र पहाडी क्षेत्रको हकमा ५ भुनी र मासु उत्पादनका लागि १० बंगुर पालेको बंगुरपालक कृषक/फार्म/ व्यवसायीहरु |
| २ | माछा पोखरी क्षेत्र विस्तार | हेक्टर | ५.४ (झापा-५.४) | प्रति हेक्टर रु. ३ लाख सम्म | व्यवसायिक, निजि कृषक/उद्यमी /कृषक समुह समिति/सहकारी संस्था/फर्म, कम्पनी साझेदारले हिमाल र पहाडमा २०० वर्गमिटर र तराईमा ६ कठ्ठा जग्गामा माछापालन गर्नुपर्नेछ। |
| ३ | मत्स्य यान्त्रीकरणमा अनुदान सहयोग | पटक | १ (इलाम-१ माग र औचित्य अनुसार) | जम्मा रु. २.५ लाख | व्यवसायिक, निजि कृषक/उद्यमी /कृषक समुह समिति/सहकारी संस्था/फर्म, कम्पनी पहाडमा २०० वर्गमिटर जग्गामा माछापालन गरेको र अनिवार्य मत्स्य विमा गरेको हुनुपर्ने। कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ को मत्स्य यान्त्रीकरण कार्यक्रम (४५) मा अनुदानमा वितरण गरिने मत्स्य औजार उपकरणहरुमा उल्लेखित उपकरणहरुमा मात्र अनुदान उपलब्ध गराइनेछ। |
| ४ | युवा लक्षित पशु विकास कार्यक्रम | संख्या | १५ (झापा-८, ईलाम-७) | २ लाख | शिक्षित बेरोजगार/एकल महिला/दलित/जनजाति र पिछडिएको वर्ग/महिला/सम्बन्धित विषयमा तालिम प्राप्त युवाहरु/वैदेशिक रोजगारबाट फर्किएका युवा |
| ५ | कृषि/पशु सहकारी संस्थाहरुसंगको सहकार्यमा व्यवसायिक पशु पालन कार्यक्रम | संख्या | २ (झापा-१, ईलाम-१) | २५ लाख | कृषि/पशु सेवा सम्बन्धी सहकारी संघ/संस्था/कृषक समूह/समिति/गैर नाफामुलक संघ संस्थाहरु |

**प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरु :**

१) रु.१०।– को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन।
२) आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३) कार्यक्रम सञ्चालनका लागि सम्बन्धित कार्यक्रमका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना/व्यवसाय योजना।
४) कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि/धनीपुर्जा र नक्सा।
५) लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको आधारिक करारनामा/सम्झौता पत्र/मञ्जुरीनामा र मालपोत तिरेको रसिद।
६) एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिदसहित मञ्जुरीनामा पत्र र मञ्जुरीनामा दिने र लिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
७) प्रचलित कानून बमोजिम अधिकारीक निकायमा संस्था/फर्म/व्यवासाय दर्ता/नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि।
८) समूह/समिति/सहकारीको हकमा समितिको निर्णयको प्रतिलिपि।
९) अघिल्लो आ.व.को लेखा परीक्षणको प्रतिवेदन र आ.व. ०७६।०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर विवरण पेश गरेको कागजात।
१०) लागत साझेदारी गर्ने प्रतिबद्वता पत्र।
११) बिगत ३ वर्षमा प्रस्तावित कार्यक्रम वा सोही प्रकृतिका कार्यक्रमका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा सो अन्तर्गतका निकाय र स्थानीय तहहरुबाट अनुदान नलिएको स्वघोषणा–पत्र।
१२). स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र।
१३) प्रचलित कानुन बमोजिम कुनै कारवाहीमा नपरेको स्वयम्घोषणा पत्र समावेश गर्नुपर्ने।
१४) कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६मा उल्लेख भए अनुसार थप कागजातहरु।

**नोट :**

१) प्रस्तावहरु भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापा र सम्पर्क कार्यालय इलाममध्ये आफूलाई पायक पर्ने कार्यालयमा दर्ता गर्न सकिने छ।
२) अनुदानसंग सम्बन्धित तोकिएको ढाँचा अनुसारका फर्मेटहरु यस कार्यालयबाट कार्यालय समय भित्र निःशुल्क उपलब्ध गराइनेछ।

**कार्यालय प्रमुख**

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## बिर्तामोड नगरपालिकाको अनुरोध

*आदरणीय सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरु...*

अहिले हाम्रो जनजीवनमा कोरोना महामारीले नराम्रो असर पार्ने गरी समस्या बढिरहेको यहाँहरुलाई विदितै छ। यस विषम् परिस्थितिमा पनि नगरपालिकाको जनशक्ति नगरबासीको स्वास्थ्य लगायत अन्य आवश्यकता पूरा गर्न अहोरात्र खटिइरहेको छ। कोभिड-१९ को प्रकोपको न्यूनीकरणका लागि नगरका स्वास्थ्यकर्मी दिनरात नभनी लागिरहेका छन्। जसका कारण बिर्तामोड अरु पालिकाको तुलनामा केही सुरक्षित र कम जोखिममा रहेको छ। नगरले कोरोना प्रभावितहरुका लागि क्वारेन्टिन, आइसोलेसन र होम आइसोलेसनका प्रबन्ध गरेको छ।

यतिबेला मुलुकका मुख्य शहरहरु र ग्रामीण बस्तीहरु पनि यसको प्रकोपबाट सुरक्षित छैनन्। यो प्रकोपबाट मुक्त रहन केवल सरकारी पहल र प्रयत्नबाट मात्र सम्भव छैन। स्थानीय तहहरुले त जनशक्तिको परिचालन गरेर समस्या बढ्न नदिने प्रयत्न गर्ने हो, त्यो गरिरहेकै छन्। तर, जनता जागरुक भएनन् भने केही पनि गर्न सम्भव छैन।

हामी जो केही पनि यो संक्रमणको जोखिममा छौं भन्ने कुरा कसैले पनि भुल्नु हुँदैन। खासगरी बिर्तामोड एउटा व्यावसायिक क्षेत्र भएका कारण आफ्नो पसल, व्यवसाय र उद्योग सञ्चालन गर्दा स्वास्थ्य सचेतना अपनाएर गरेमा संक्रमण नबढ्ने र समुदायमा पुगेको रोगलाई नियन्त्रण गर्न सहज हुनेछ। अझ समुदायस्तरमा पुगेको संक्रमणलाई रोकथाम गर्न समुदाय नै बढी चनाखो हुन जरुरी हुन्छ।

तसर्थ,
- अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कौं।
- मास्कको अनिवार्य प्रयोग गरौं, हात सफा राखौं।
- टोल, समाज सफा राखौं, जथाभावी फोहर मैला नगरौं।
- नजिकी रहेको चाडबाडमा अनावश्यक भिडभाड नगरौं।
- आफ्नो परिवार बाहेक अरु धेरै अनावश्यक मानिसहरुको सरसंगत नगरौं।
- गाउँ, टोलमा देखापरेका बिरामीहरुप्रति नराम्रो व्यवहार नगरौं।
- कहींकतै संक्रमणको जोखिम देखिएमा तत्कालै स्वास्थ्यकर्मीलाई सूचना दिऔं।
- आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**ध्रुवकुमार शिवाकोटी : नगर प्रमुख**
**बिर्तामोड नगरपालिका, बिर्तामोड (झापा)**


**होटल तु-बिक्रीमा**

बिर्तामोडस्थित हेवन वाटर पार्क जाने बाटोमा महेन्द्र हाइवेदेखि ५० मिटर दक्षिणमा रहेको अति चालू अवस्थाको होटल तु-बिक्रीमा छ।

सम्पर्कः ९८१५९०१३१०

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**टुक्रा जग्गा चाहिएमा**

अर्जुनधारा-६, लक्ष्मीपुरमा रहेको टुक्रा जग्गा चाहिएमा सम्पर्क गर्नुहोला।

मो.९८४०१०१७९०

**कर्मचारी आवश्यकता**

**सेल्स/मार्केटिङ** : १५ महिला/पुरुष
**काम गर्ने स्थानः** काँकरभिट्टा, चारआली धाइजन, सुरुङ्गा, चारपाने, चन्द्रगढी, भद्रपुर, बिर्तामोड।
**तलबः** १२,६००+कमिशन+बोनस
**घरमा काम गर्ने** : १ जना (महिला)
(खान/बस्न सुविधा छ)
**Nepal Jobs Care Service Pvt. Ltd.**
मो. ९८२६९२०००१, ०२३–५४६६८३

**पायल्स तथा हाडजोर्नी**

दक्ष तथा अनुभवी डाक्टरद्वारा दैनिक चेक। पायल्स, कब्जीयत, नशा च्यापिएको, थाइराइड, गुप्त रोगहरु, प्यारालाइसीस, बाथ, फिसर, फिगटुला, पिनास, सुगर, प्रेसर लगायत सम्पूर्ण रोग।

**बिर्ता आयुर्वेद एण्ड फिजीयोथेरापी**
अदुवा खोला छेउ, बिर्तामोड
फोनः ०२३–५९०१६६,
९८०६०००३१३, ९८४२७१६५८८

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२,
९८०६०८३८७६, ९८२४९८११७४

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो.९८१५९५२४९९/९८४१३२१४६४

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**छापाखाना**

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड
लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ कार्ड चाहिएमा छ, हामिलाई सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
श्रुतिविसृदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
काममा मिहिनेतको फल प्राप्त हुनेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। रचनात्मक काममा जुट्ने समय छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
रोकिएका काम पुनः शुरु हुन सक्छन्। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
व्यापारमा पनि मनग्गे धनलाभ हुनेछ। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ। भोजमा सामेल भइएला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले मौका गुम्न सक्छ। बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
अध्ययनमा त्यति समय दिन नसकिएला। स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ। नयाँ काम शुरु गर्न केही समय पर्खनु बुद्धिमानी हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। काम बनाउन समय पर्खनु पर्नेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
आत्मविश्वासको कमीले पछि परिनेछ। भेटघाटमा अलमलिनाले चिताएका काममा पनि बाधा हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
तापनि मेहनत गर्दा पछिका लागि फाइदा लिन सकिनेछ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारी साथ काम लिनुहोला। फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
व्यवसायमा लगानी बढाउनुपर्ला। बलजफ्ती व्यवहारले व्यर्थैमा समस्या निम्त्याउन सक्छ। आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
खर्च लागे पनि यात्रा गर्ने अवसर प्राप्त हुनेछ। तर, आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन्। बेलैमा सजक बन्दा राम्रो होला।